# शुन्य शक्ति र वैकल्पिक उर्जा सिंचाई प्रणाली जडानको लागी
# अनुदान परिचालन कार्यबिधि,२०७३

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग

## कृषि ईन्जिनियरिङ्ग निर्देशनालय

हरिहरभवन, ललितपुर ।

२०७३ असोज

# शुन्य शक्ति र वैकल्पिक उर्जा सिंचाई प्रणाली जडानको लागी अनुदान परिचालन कार्यबिधि, २०७३

**पृष्ठभूमी**

कृषि प्रधान देश भईकन पनि यस क्षेत्रमा प्रयोग हुने आधुनिक सिंचाईका पुर्वाधारहरुको कमीले गर्दा कृषि प्रणाली हालसम्म बर्षामा नै अधारित छ । तसर्थ कृषि पेशालाई आधुनिकिकरण गरी व्यवसायीक एवम् प्रतिस्पर्धात्मक बनाउन तथा देशमा बढदो लोडसेडिङ्गको चापवाट केही मात्रामा भएपनि यस क्षेत्रमा पर्ने असर न्युन गर्न शुन्य शक्ति र वैकल्पिक उर्जा जस्ता कृषिमा सिंचाई सुविधा उपलव्ध हुन अति आवश्यक भएको देखिन्छ ।

खोलामा पानीको बहाब भईरहेता पनि केहि मिटर माथी खेतीयोग्य जमिनमा सिंचाई अभाव हुने, स्यालो ट्यूववेल तथा डिप ट्यूववेल जडान भएता पनि उर्जाको अभाव र महंगीले गर्दा सिंचाई गर्न नसक्ने जस्ता समस्याले कृषकहरु आफनै जमिन भएता पनि कृषि पेशा छाडेर अन्य पेश अंगालेर जिविकोपार्जन गरिरहेको अवस्थामा वातावरणमैत्री नवीकरणीय वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गर्न शुन्य शक्ति र वैकल्पिक उर्जा सिंचाई प्रणाली जडानमा अनुदानको व्यवस्था गरि सिंचाई सुविधामा विस्तार गरि खेतीमा आकर्षित गराउन गर्न आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, कृषि विकास मन्त्रालयलले शुन्य शक्ति र वैकल्पिक उर्जा सिंचाई प्रणाली जडानको लागी अनुदान परिचालन कार्यबिधि, २०७३ जारी गरेकोछ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यो कार्यविधिको नाम "**शुन्य शक्ति र वैकल्पिक उर्जा सिंचाई प्रणाली जडानको लागी अनुदान परिचालन कार्यबिधि, २०७३**" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "सिंचाई प्रणाली" भन्नाले यस कार्यविधिको अनुसूचि–२ मा उल्लेख गरिए बमोजिमका विना ईन्धन पानीको बहाव वा नविकरणीय उर्जा प्रयोग गरी सिंचाईको लागी पानी तान्ने शुन्य शक्ति वा वैकल्पिक उर्जामा आधारित यन्त्र, उपकरण जस्तै पापा, वर्षा, सौर्य पम्प आदीलाई सम्फनु पर्छ ।

(ख) "सेट" भन्नाले यस कार्यविधिको अनुसूचि–२ मा उल्लेख गरिए बमोजिमका पम्प तथा पम्प संग सम्बन्धित उपकरणहरु तथा जडान समेतलाई सम्फनु पर्छ ।

(ग) "उपभोक्ता" भन्नाले अनुदानमा सिंचाई प्रणाली जडान गर्न ईच्छुक कृषक, वा कृषि व्यवसाय गर्ने उदेश्य लिई प्रचलित कानुन बमोजिम स्थापना भएको संस्थालाई सम्फनु पर्छ ।

२

सचिव

(घ) "सामुहिक उपभोक्ता" भन्नाले अनुदानमा सिंचाई प्रणाली जडान गरी सिंचाई गर्न आबश्यक पर्ने जग्गा एकै स्थानमा (Cluster) भएका ईच्छुक एक भन्दा बढी कृषकहरुलाई सम्झनु पर्छ ।

(ङ) "कृषक" भन्नाले आफ्नो जीविकोपार्जनको लागि मुख्य पेशा कृषि अंगालेको व्यक्तिलाई सम्झनु पर्दछ ।

(च) "निर्देशनालय" भन्नाले कृषि विभाग अर्न्तगतको कृषि ईन्जिनियरिङ्ग निर्देशनालय भन्ने सम्झनु पर्दछ ।

(छ) "आपुर्ति कर्ता" भन्नाले अनुसूचि-२ मा उल्लेखित सिंचाई प्रणाली पम्प तथा पम्प संग सम्बन्धित उपकरणहरु उपलब्ध र जडान गर्ने गराउने कम्पनी, उत्पादक, वितरक, एजेन्ट, डिलर आदिलाई सम्झनु पर्दछ ।

(ज) "समिति" भन्नाले यसै कार्यविधिको दफा ११ मा उल्लेखित समितिलाई सम्झनु पर्दछ ।

३. **बजेटको व्यवस्था र उपयोग:** यस कार्यक्रमको लागि बजेटको व्यवस्था र उपयोग देहाय वमोजिम हुनेछ ।

(क) नेपाल सरकारको निकाय वा दातृ निकायबाट शुन्य शक्ति र वैकल्पिक उर्जा सिंचाई प्रणाली सेटमा अनुदान दिने कार्यक्रमको लागि प्राप्त बजेट रकम ।

(ख) कृषि विकास मन्त्रालयबाट विभिन्न निर्देशनालय, राष्ट्रिय कार्यक्रम र जिल्ला कृषि विकास कार्यालयहरुलाई उल्लेखित कार्यक्रम कार्यान्वयन गर्न छुटयाईएको बजेट रकम ।

(ग) यस कार्यबिधि वमोजिम प्रति सेट बढीमा ६० प्रतिशत अनुदान दिन सकिनेछ । अनुदान प्रतिशत समय, परिस्थीति, आबश्यकता अनुसार परिर्वतन गर्न सकिनेछ ।

(घ) यस कार्यबिधि वमोजिम अनुदान प्रवाह गर्न उपभोक्ताको माग अनुसार उपयुक्त जडान स्थल छनौट गर्न सम्भाब्यता अध्ययनको लागि स्वीकृत बजेटको बढीमा १० प्रतिशत सम्म रकम खर्च गर्न सकिनेछ ।

(ङ) जिल्लास्तरमा नियमित अनुगमन तथा मुल्याङ्कन कार्य गर्न सम्वन्धित जिल्ला कृषि विकास कार्यालयलाई जिल्लागत अनुदान रकमको बढीमा १ प्रतिशतसम्म उपलब्ध गराईने छ । सोको बिल भरपाई पेश गरी भुक्तानी माग गर्नु पर्नेछ ।

४. **कार्यक्रम संचालनको उद्देश्य:** यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) शुन्य शक्ति र वैकल्पिक उर्जाबाट सिंचाई सुविधा उपलव्ध हुने ।

(ख) उर्जा संकटमा पनि सिंचाई सुविधा उपलव्ध हुने ।

(ग) प्रति इकाई उत्पादन वृद्धि हुने ।

(घ) सिंचित क्षेत्रफल विस्तार हुने ।

(ङ) युवा जनशक्तिलाई कृषिमा आकर्षण गराउने ।



सचिव

(च) कृषिलाई आधुनिकिकरण, व्यवसायीकरण एवम् प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षाको साथै स्वरोजगारको अवसर श्रृजना गर्ने ।

## परिच्छेद–२
## कार्यक्रम संचालन

५. **क्षेत्र छनौट** : कार्यक्रम सञ्चालन क्षेत्र छनौट देहाय बमोजिम हुनेछन् :

(क) आर्थिक वर्ष. २०७३/०७४ मा मुलुक भर उपयुक्त सम्भाव्यताको आधारमा कार्यक्रम सञ्चालन गरिनेछ,

(ख) विगत आर्थिक वर्षमा गरेको कार्यसम्पादन अनुभबको आधारमा माग र आबश्यकता हेरी जिल्ला, सिंचाई प्रणालीका उपकरणहरु थप घट गर्न सकिने,

६. **प्रस्ताव माग गर्ने** : (१) निर्देशनालयले सिंचाई प्रणालीको आपूर्ति तथा जडान गर्न इच्छुक आपूर्तिकर्ताहरुलाई सिलबन्दी प्रस्ताव पेश गर्न ३० दिने म्याद दिई राष्ट्रिय पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा प्रस्तावकले अनुसूची १ (क) बमोजिमका कागजातहरु, अनुसूची २ बमोजिमका आपूर्ति तथा जडान गर्न सक्ने सिंचाई प्रणार्ली उपकरणहरुको विवरण र अनुसूची-३ अनुसारको विवरण समेत पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तयार गरिएको प्रस्ताव उपदफा (१) बमोजिमको म्याद भित्र निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(४) प्रस्ताव साथ अनुसूची-३ को वुँदा १० मा पेश गरेको एक आ.ब.मा आपुर्ति गर्न सक्ने रकमको २.५% बराबरको सोही आ.ब.को अषाढ मसान्त सम्म म्याद भएको बैक ग्यारेन्टी वा सो बराबरको रकम यस निर्देशनालयले तोकेको खातामा जम्मा गरी सक्कल भौचर सहित पेश गर्नु पर्नेछ ।

७. **प्रस्ताव मूल्यांकनका आधार** : (१) दफा ६ बमोजिम पर्न आएका प्रस्तावहरुको वित्तिय मूल्याङकनको लागि ३५ अंक भार र प्राविधिक मुल्यांकनका लागि ६५ अंक भार मानी कुल १०० अंक भारमा मूल्यांकन गरिने छ ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन गर्दा ६० अंक भार प्राप्त गर्ने प्रस्तावहरु अनुदानमा सिंचाई प्रणालीको आपूर्ति तथा जडान गर्न छनौट गरिने छ ।

८. **मूल्यांकन गर्ने अवधि** : यस कार्यबिधि बमोजिम पर्न आएका प्रस्तावहरु समितिले दफा ६ को उपदफा (१) को अवधि समाप्त भएको मितिले ३० दिन भित्र मूल्यांकन गरी तिन दिन भित्र निदेशनालयलाई जानकारी दिनु पनेछ ।

९. **मूल्यांकनको जानकारी गराउनु पर्ने** : (१) दफा ८ बमोजिम भएको मूल्यांकनको परिणाम प्राप्त भएको भोली पल्ट निर्देशनालयले आपूर्तिकर्ता, सरोकारवाला र अन्य सर्वसाधारणको जानकारीको लागि निर्देशनालयमा सूचना टाँस गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित परिणामको जानकारी यथाशिघ्र प्राप्त गर्ने गरी छिटो साधन जस्तै फ्याक्स, इमेल वा यस्तै विद्युतीय माध्यम, वाट तीन दिनभित्र जिल्ला कृषि विकास कार्यालयहरुमा पठाउनु पर्नेछ ।

१०. **निवेदन माग गर्ने** : (१) यस कार्यबिधि बमोजिम सिंचाई प्रणालीको जडान गर्न इच्छुक कृषक उपभोक्ताका लागि निवेदन दिन १५ दिनको म्याद दिई निर्देशनालयले राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी निवेदन माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुदान लिन चाहने कृषक उपभोक्ताले अनुसूची १(ख) बमोजिमका कागजातहरु, संस्थागत उपभोक्ताले अनुसूची १(ग) बमोजिमका कागज प्रमाण संलग्न गरी अनुसूची ४ बमोजिमको ढाँचामा दिइएको म्याद भित्र सम्बन्धित जिल्ला कृषि विकास कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) जिल्ला कृषि विकास कार्यालयले उपदफा (२) बमोजिम प्राप्त हुन आएका निवेदनको छानविन गरी ७ दिनभित्र टुङ्गो लगाई ३ दिनभित्र निर्देशनालयलाई संक्षिप्त विवरण तयार पारी जानकारी गराउनु पर्नेछ ।

११. **छनौट समिति:** कार्यक्रम संचालनको लागि प्राप्त प्रस्तावहरुको छनौट गर्न देहाय वमोजिमको समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) कार्यक्रम निर्देशक, कृषि ईन्जिनियरिङ्ग निर्देशनालय | अध्यक्ष |
| (ख) शाखा प्रमुख वा प्रतिनिधी, योजना शाखा, कृषि विभाग | सदस्य |
| (ग) खरिद इकाई प्रमुख, कृषि ईन्जिनियरिङ्ग निर्देशनालय | सदस्य |
| (घ) महाशाखा प्रमुख वा प्रतिनिधी, कृषि ईन्जिनियरिङ्ग महाशाखा, कृ.अ.प. | सदस्य |
| (ङ) शाखा प्रमुख, संरचना विकास तथा नक्सा फाँट, कृ.ई.नि. | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पंदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१२. **छनौट समितिको काम, कर्तब्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) म्याद भित्र दर्ता भएका सिलवन्दी प्रस्तावहरु प्रस्तावदाता वा प्रतिनिधिको रोहवरमा खोल्ने।

(ख) आपुर्तिकर्ता तथा सिंचाई प्रणालीका यन्त्र उपकरणहरुको छनौट गर्ने ।

(ग) छनौट भएका आपुर्तिकर्ताले अनुसूची-२ अनुसार प्रस्ताव गरेका सिंचाई प्रणालीका यन्त्र उपकरणहरुको किसिम (Type), क्षमता (Pumping Capacity/Horse Power), मोडेल (Model), ब्राण्ड (Brand) र अन्य स्पेशिफिकेसनको (Specification) आधारमा एकै खालका यन्त्र उपकरणहरुको समुहकृत गरी, उक्त समुहमा सबै भन्दा न्यूनतम् मुल्यलाई (Lowest Rate) आधार मानी अनुदानको रकम तोक्ने ।

(घ) प्रस्तावमा पेश भएका सिंचाई प्रणालीका यन्त्र उपकरण समुहकृत गर्न नमिलेको अवस्थामा पेश गरेको सोही दरलाई न्यूनतम् मूल्य आधार मानी अनुदानको रकम तोक्ने ।

(ङ) अनुदान दिने प्रयोजनका लागि छनौट गरिएका आपूर्तिकर्ता तथा सिंचाई प्रणालीका यन्त्र उपकरणहरुको विवरण, छनौट भएका आपूर्तिकर्ताहरुको नामावली, उपलब्ध हुने स्थान र अनुदान रकम आदि विबरणहरु निर्देशनालय मार्फत सम्वन्धित जिल्ला कृषि विकास कार्यालयहरुलाई औपचारिक जानकारी दिने ।

(च) दफा १५ (क) अनुसार पेश गरेको सूची अध्ययन गरी उपयुक्त जडान स्थल छनौट गर्न दफा १४ अनुसारको टोलीलाई सम्भाब्यता अध्ययन कार्य गर्न अनुमति दिने ।

(छ) दफा १४ अनुसार गठन भएको फिल्ड सम्भाब्यता अध्ययन टोलीले दिएको प्रतिवेदनमा प्राथमिकता सूचीको आधारमा स्वीकृत बार्षिक बजेट अनुसार जिल्लागत कोटा, अनुदान रकम, एकिन गरी उपभोक्ता छनौट गर्ने । सो कार्य अन्तिम प्राप्त भएको मितिले १५ दिन भित्र सम्पन्न गरी, सम्वन्धित आपूर्तिकर्ता र जिल्ला कृषि विकास कार्यालयलाई जानकारी गराउने ।

(ज) उपदफा (छ) अनुसार एकिन गरिएका सिंचाई प्रणाली उपलव्ध र जडान गर्न उपभोक्ता, आपूर्तीकर्ता र निर्देशनालय विच त्रिपक्षिय सम्झौता गर्न सिफारिस गर्ने ।

(झ) कृषि विभाग, निर्देशनालय, जिल्ला कृषि विकास कार्यालयहरुलाई कार्यक्रम संचालनमा आवश्यक राय तथा सुझाब दिने ।

१३. **जिल्ला कृषि विकास कार्यालयको काम कर्तब्य र अधिकार** : सम्वन्धित जिल्ला कृषि विकास कार्यालयको काम, कर्तब्य, अधिकार र जिम्मेवारी देहाय वमोजिमको हुनेछ ।

(क) दफा १२ (ङ) अनुसार पठाईएको विवरणहरु सिंचाई प्रणाली अनुदानमा लिन र जडान गर्न ईच्छुक उपभोक्तालाई औपचारिक जानकारी गराउन कार्यालयमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(ख) दफा १० अनुसार दर्ता भएका निवेदनहरुमा अनुसुची १ (ख) वा (ग) अनुसार संलग्न गर्नु पर्ने सर्म्पुण कागजातहरु साथै आबश्यक जग्गाको क्षेत्रफल पुगेको सहित, अनुसुची-४ आवेदन फाराम साथै पुर्ण रुपले पुर्व सम्भाब्यता अध्ययन भरिएको प्रस्तावहरु मात्र सिफारिस साथ विवरण तयार गरी १५ दिन भित्र छिटो साधन मार्फत निर्देशनालयमा पठाउनु पर्नेछ ।

(ग). दफा १४ अनुसारको फिल्ड सम्भाब्यता अध्ययन प्राविधिक टोलीमा एक जना प्राविधिक खटाउनु पर्नेछ ।

(घ) उपभोक्ता कृषि पेशा, व्यवसायमा संलग्न भएकोलाई मात्र सिफारीस हुनु पर्नेछ ।

(ङ) अनुदानमा सिंचाई प्रणाली जडान कार्यको नियमित निरिक्षण गर्ने र उपभोक्तामा जडान सम्पन्न भए पछि अनुदान रकम भुक्तानी आवेदन फाराम अनुसूचि–६ बमोजिम सिफारिस गर्नु पर्नेछ ।

१४. **फिल्ड सम्भाब्यता अध्ययन प्राविधिक टोली** : सिंचाई प्रणाली जडान गर्न स्थलगत सम्भाब्यता अध्ययन गर्न देहाय बमोजिमको प्राविधिक टोली गठन हुनेछ ।

(क) प्राविधिक, कृषि ईन्जिनियरिङ्ग निर्देशनालय-संयोजक

(ख) प्राविधिक, सम्बन्धित जिल्ला कृषि विकास कार्यालय- सदस्य

(ग) प्राविधिक, आपूर्तीकर्ता-सदस्य

१५. **फिल्ड सम्भाव्यता अध्ययन प्राविधिक टोलीको काम, कर्तव्य र अधिकार** :- प्राविधिक टोलीको काम, कर्तव्य, अधिकार र जिम्मेवारी देहाय वमोजिमको हुनेछ ।

(क) जिल्ला कृषि विकास कार्यालयबाट सिफारिस सहित यस निर्देशनालयमा प्राप्त उपभोक्ताको प्रस्ताव सहितको कागजात अध्ययन गरी जिल्लागत, सिंचाई प्रणालीगत सूची तयार पारी छनौट समितिमा पेश गर्ने ।

(ख) उपभोक्ताको माग र आपूर्तीकर्ताले दिएको Specification र Pre-Detail Cost Estimate अनुसार फिल्ड निरिक्षण र सम्भाव्यता अध्ययन गरी सिंचाई प्रणाली जडान गर्न उपयूक्त स्थान भए/नभएको एकिन गर्ने ।

(ग) दफा १५ (ख) अनुसार एकिन गरिएका सिंचाई प्रणालीको Final Detail Cost Estimate सहित जिल्लागत र सिंचाई प्रणालीगत प्राथमिकताको सूची तयार पारी प्रतिवेदन छनौट समितिलाई पेश गर्ने ।

१६. **आपूर्तिकर्ताले पालन गर्नुपर्ने शर्तहरु:** कार्यक्रम कार्यान्वयनका लागि देहाय वमोजिमका शर्तहरु पालन गर्नुपर्नेछ ।

(क) उपभोक्तालाई सिंचाई प्रणाली सेटमा उपलब्ध र जडान समेत गरीदिनु पर्नेछ ।

(ख) प्रस्ताब छनौट समितिबाट स्वीकृत जिल्लागत कोटा भन्दा बढी सिंचाई प्रणाली सेटमा उपलब्ध र जडान गरेमा वढी जडान गरिएको प्रणालीहरुमा अनुदान दिइने छैन सो को जिम्मेवार आपुर्तिकर्ता स्वयम् नै हुनेछ ।

(ग) अनुदान लिने उपभोक्तालाई शून्य शक्ति वा वैकल्पिक उर्जा सिंचाई प्रणाली जडान, संचालन तथा मर्मत सम्वन्धी तालिमको व्यवस्था गर्नु पर्नेछ ।

(घ) यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि ब्यापक प्रचार प्रसार गर्नु पर्नेछ ।

(ङ) अनुदानमा वितरित उपकरणहरुमा अनुसूचि-७ को ढांचा अनुसार प्रिन्ट वा प्लेटमा लेखि अनिवार्य टाँस गर्नु पर्नेछ ।

१७. **उपभोक्तले पालन गर्नुपर्ने शर्तहरु:** कार्यक्रम कार्यान्वयनका लागि देहाय वमोजिमका शर्तहरु पालन गर्नुपर्नेछ ।

(क) उपभोक्ता कृषि पेशा, व्यवसायमा संलग्न भएको हुनु पर्नेछ ।

(ख) उपभोक्ताले सम्झौता गरिएको सिंचाई प्रणाली उपलव्ध र जडान समेत गर्ने आपूर्तीकर्ताबाट मात्र गर्नु पर्दछ ।

(ग) अनुसूची १,(ख) व्यक्तिगत वा सामुहिक उपभोक्ता वा कृषक समुहको लागी वुँदा २ अनुसारको जग्गा अनिर्वाय हुनु पर्नेछ ।

(घ) अनुसूची १,(ग) संस्थागत उपभोक्ताको लागि वुँदा ८ अनुसारको जग्गा अनिर्वाय हुनु पर्नेछ ।

(ङ) त्रिपक्षिय सम्झौता गरी सिंचाई प्रणाली जडान गर्नका लागी जनसहभागिता रकम Final Detail Cost Estimate को धट्टीमा ४०% नगद निर्देशनालयको धरौटी खातामा जम्मा गर्नु पर्नेछ ।

१८. **अनुदान प्रवाह विधि:** अनुदान प्रवाह विधि देहाय वमोजिम हुने छ ।

(क) दफा १२ (ज) बमोजिमको आधारमा उपभोक्ता, आपूर्तीकर्ता र निर्देशनालय विच त्रिपक्षिय सम्झौता गरिनेछ ।

(ख) सम्वन्धित आपुतिकर्ताले सिंचाई प्रणाली जडान सम्पन्न प्रतिवेदन, उपभोक्तालाई बुझाएको भरपाई, विल विजक र जिल्ला कृषि विकास कार्यालयको सिफारिस राखी निर्देशनालयमा अनुदानको रकम सोधभर्ना माग गर्ने छ ।

(ग) उपदफा (ख) बमोजिम जडान कार्य सम्पन्न भएपछि धरौटीमा राखिएको जनसहभागिता रकम आपुर्तिकर्तालाई दिईनेछ ।

(घ) आपुतिकर्ताले सिंचाई प्रणाली जडान गरिसकेपछि प्रत्येक महिनामा एक पटक सोधभर्ना माग गर्ने छ ।

(ङ) निर्देशनालयले सम्बन्धीत प्राबिधिकबाट संलग्न कागजातहरु जाचँ गरी सिफारिसको आधारमा आपुतिकर्तालाई अनुदान रकम मासिक भुक्तानी गर्ने छ । भुक्तानी गर्दा नेपाल सरकारले तोके अनुसार अग्रीम आय कर र ५% धरौटी कट्टी गर्ने छ ।

(च) सिंचाई प्रणाली जडान गरेको छ महिना सम्म सुचारु संचालन भएको उपभोक्ताको सिफारिसको आधारमा धरौटी रकम फुकुवा गरिने छ ।

(छ) प्रस्ताव साथ पेश गरेको २.५% बराबरको बैक ग्यारेन्टी वा सो बराबरको रकम सोही आ.ब.को अषाढ मसान्त पछि फुकुवा गरिने छ ।

(ज) सिंचाई प्रणाली जडानमा दिइने अनुदान समितिले तोके अनुसार हुने छ ।

१९. **अनुगमन:** कार्यक्रमको अनुगमन देहाय वमोजिम गरिने छ ।

(क) संचालित कार्यक्रमहरुको केन्द्रीयस्तरबाट नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य मन्त्रालय, कृषि विभाग, निर्देशनालयबाट गरिनेछ ।

(ख) संचालित कार्यक्रमहरुको जिल्लास्तरमा नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य सम्वन्धित जिल्ला कृषि विकास कार्यालय र यस अन्तर्गतका सेवा केन्द्रबाट गरिनेछ ।

(ग) अनुदान प्राप्त उपभोक्ताले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान दुरुपयोग गरेको पाईएमा चालु हालतमा भएका सिंचाई प्रणालीहरु फिर्ता लिईने छ र चालु हालतमा नभएमा हर्जाना लिई सम्वन्धित जिल्ला कृषि विकास कार्यालयको सिफारीसमा निर्देशनालयले आवश्यकता अनुसार अन्यत्र उपलब्ध गराउन सक्नेछ ।

२०. **कार्यबिधिको परिमार्जन** : यस कार्यविधिको संशोधन परिमार्जन कृषि विकास मन्त्रालयले गर्न सक्नेछ ।

२१. **प्रचलित कानून लागू हुने:** प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुका सम्बन्धमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा यसै कार्यविधि बमोजिम हुनेछ ।

२२. **अन्तिम व्याख्या:** यस कार्यविधिको कार्यान्वयनमा द्विविधा भएमा निर्देशनालयले गरेको व्याख्या अन्तिम हुनेछ ।

२३. **अनुसूचीमा हेरफेर गर्न सक्ने:** यस कार्यविधिमा संलग्न अनुसूचीहरु (आर्थिक विषय बाहेक) कृषि विकास मन्त्रालयले हेरफेर गर्न सक्नेछ ।

## अनुसूचि–१

### आवेदन साथ संलग्न गर्नु पर्ने कागजात

क) **आपुर्तिकर्ताको लागि**

१. संस्था दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

२. संस्था नविकरणको प्रमाणको प्रमाणित प्रतिलिपी (कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नो)

३. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

४. पछिल्लो तीन आ.व.को लेखा परिक्षणको प्रमाणित प्रतिलिपी

५. गत आ.ब.को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

६. आधिकारीक एजेन्टको (Authorized Agent) प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

७. शुन्य शक्ति वा वैकल्पिक उर्जा सिंचाई प्रणालीको Specification खुल्ने Catalogs वा Leaflets

८. सम्भब भए सम्म बुझिने भाषामा आधिकारीक टेष्ट सर्टिफीकेटको (Test Certificate) प्रमाणित प्रतिलिपी

९. सिंचाई प्रणाली जडान गर्न लाग्ने विस्तृत डिजाईन र अनुमानित लागत (Design & Pre-Detail Cost Estimate)

१०. आधिकारीक डिलर, सर्भीस सेन्टर को संस्था दर्ता, PAN वा VAT प्रमाण पत्र र सम्झौता पत्रको प्रमाणित प्रतिलिपी

११. अनुसूची ३ को वुदाँ १० मा आपुर्तिकर्ताले उल्लेख गरेको एक आ.ब.मा सिंचाई प्रणाली आपुर्ति गर्न सक्ने रकमको २.५% बराबरको सोही आ.ब.को अषाढ मसान्त सम्म म्याद भएको बैक ग्यारेन्टी वा सो बराबरको रकम निर्देशनालयले तोकेको खातामा जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्ने छ।

ख) **व्यक्तिगत वा सामुहिक उपभोक्ता वा कृषक समुहको लागी**

१. नागरिकता प्रमाण पत्रको प्रतिलिपी

२. लालपूर्जाको प्रतिलिपी- तराईको लागी २.५ हेक्टर (५० रोपनी वा ७५ कठ्ठा), पहाडको लागी १ हेक्टर(२० रोपनी वा ३० कठ्ठा) र हिमालको लागी ०.५ हेक्टर (१० रोपनी वा १५ कठ्ठा)

३. उपभोक्ताको आफ्नो नाममा जग्गा नभै आफ्नै एकाघरका परिवारको नाममा जग्गा भएमा गा.वि.स.वाट वा नाता प्रमाण खुल्ने कागजात वा आफ्नै सदस्यहरुको नाममा जग्गा भएमा निणर्य सहितको प्रमाणहरु

४. उपभोक्ता आफुले कमाई आएका जग्गा (गुठी स्वामित्वको वा आफु मोही भएको समेत) वा लिजमा लिएको भए सम्झौताको (कम्तीमा ५ वर्ष) प्रमाणहरु

५. नापी नक्साको ब्लु प्रिन्ट (कित्ता नम्बर खुल्ने)

६. सामुहिक उपभोक्ता कृषकहरुले सामुहिक खेती गर्ने प्रतिबद्धता पत्र

**ग) संस्थागत उपभोक्ताको लागी**

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी

२. संस्था नविकरणको प्रमाणको प्रतिलिपी वा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र अनिवार्य पेश गर्नु पर्ने ।

३. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपी

४. गत आ.ब. को कर चुक्ता प्रमाण पत्र

५. संस्थाको निर्णय प्रतिलिपी

६. संस्थाले अनुदान प्रकियाको लागी जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र

७. पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फोटो १ प्रति (पासपोर्ट साइजको)

८. लालपूर्जाको प्रतिलिपी- तराईको लागी २.५ हेक्टर (५० रोपनी वा ७५ कठ्ठा), पहाडको लागी १ हेक्टर(२० रोपनी वा ३० कठ्ठा) र हिमालको लागी ०.५ हेक्टर (१० रोपनी वा १५ कठ्ठा)।

९. उपभोक्ताको आफ्नो नाममा जग्गा नभै आफ्नै सदस्यहरुको नाममा जग्गा भएमा निणर्य सहितको प्रमाणहरु

१०. उपभोक्ता आफुले कमाई आएका जग्गा (गुठी स्वामित्वको वा आफु मोही भएको समेत) वा लिजमा लिएको भए सम्झौताको (कम्तीमा ५ वर्ष) प्रमाणहरु

११. नापी नक्साको ब्लु प्रिन्ट (कित्ता नम्बर खुल्ने)

## अनुसूची-२

### अनुदानमा बितरण गरिने शून्य शक्ति वा वैकल्पिक उर्जा सिंचाई प्रणाली

| सि. नं. | सिंचाई प्रणाली र सम्बन्धित उपकरणहरु | आबश्यक मापदण्ड र Specification | कैफियत |
|---|---|---|---|
| १. | सोलर शक्ति सिंचाई प्रणाली | कम्तीमा सिंचाई क्षेत्रफल (हे.) तराई–२.५,पहाड–१,हिमाल-०.५<br>Solar Pannel- Maximum 2500WP,<br>Motor-DC,<br>Pump- Any Type<br>Head-Total Maximum 150 meter,<br>Discharge-Maximum 400 LPM | विस्तृत अनुमानित लागत र डिजाईन (Design & Pre-Detail Cost Estimate including Installation & Transportation) पेश गर्नु पर्ने |
| क | सोलर सिंचाई सम्बन्धित उपकरणहरु (Pump, Solar Pannel, Controller etc.) | | |
| ख | सोलर सिंचाई प्रणाली उपकरणहरुको जडान (Pump Stand, Solar Pannel Frame, Filters, Pipes etc.) | | |
| २. | बर्षा पम्प सिंचाई प्रणाली | कम्तीमा सिंचाई क्षेत्रफल (हे.) पहाड–१ हिमाल–०.५<br>Discharge-Maximum 40,000 Litres per day.<br>Plastic Pond- Appropriate Size<br>Delivery Height- Maximum 20 m.<br>Delivery Distance- Maximum 2 km.<br>Basic requirment of the river:-<br>Width-Minimum 80cm<br>Depth-Minimum 30cm<br>Velocity-1m/s | विस्तृत अनुमानित लागत र डिजाईन (Design & Pre-Detail Cost Estimate including Installation & Transportation) पेश गर्नु पर्ने |
| क | बर्षा पम्प सिंचाई सम्बन्धित उपकरणहरु (Pump, Float, Anchoring etc.) | | |
| ख | बर्षा पम्प सिंचाई प्रणाली उपकरणहरुको जडान (Filters, Air/Pressure Relief Valve, Pipes, Plastic pond, etc.) | | |
| ३. | पापा पम्प सिंचाई प्रणाली | कम्तीमा सिंचाई क्षेत्रफल (हे.) पहाड–१ हिमाल–०.५<br>Discharge-Maximum 20,000 Litres per day<br>Plastic Pond- Appropriate Size<br>Delivery Height- Maximum 150 m (single pump), provision for multiple pumping<br>Delivery Distance- Maximum1 km.<br>Source water requirement- Minimum 25 Litres per mimutes | विस्तृत अनुमानित लागत र डिजाईन (Design & Pre-Detail Cost Estimate including Installation &Transportation) पेश गर्नु पर्ने |
| क | पापा पम्प सिंचाई सम्बन्धित उपकरणहरु (Pump, Anchoring etc.) | | |
| ख | पापा पम्प सम्बन्धित उपकरणहरुको जडान(Filters, Air Relief Valve, Pipes, Delivery Tank, Pump House, Plastic pond, etc.) | | |
| ४. | अन्य प्रकारका शुन्य शक्ति वा वैकल्पिक उर्जा सिंचाई प्रणाली | | उपलब्ध भएमा विस्तृत अनुमानित लागत र डिजाईन(Design & Pre-Detail Cost Estimate including Installation &Transportation) पेश गर्ने |

# अनुसूचि–३

## Application for Firm Selection

1. Firm Name:-..........................................................................................................
2. Head Office Address:-..............................................................................................

    Telephone.......................................... Fax:-..............................................................

    Email........................................................................................................................
3. Responsible Person...................................................................................................

    Position.....................................................................................................................

    Telephone............................. Mobile ...............................Fax:....................................

    Email:...................................................
4. Firm Registration No..................................... Registered Office................................................

    Date....................................
5. PAN/VAT Registration No................................ Date..............................................................
6. Business Type/Purpose:.............................................................................................................
7. Financial Situation of Last Three Years. (Attach Audited Report of three years)

Information from Balance Sheet

| Fiscal Year | 1 | 2 | 3 |
|---|---|---|---|
| Total Assets | | | |
| Total Liabilities | | | |
| Net Worth | | | |
| Current Assets | | | |
| Current Liabilities | | | |

Information from Income Statement

| Fiscal Year | 1 | 2 | 3 |
|---|---|---|---|
| Total Revenues | | | |
| Profit Before Tax | | | |
| Profit After Tax | | | |

Financial Resources (Add if required)

| No. | Source of Financing | Amount |
|---|---|---|
| 1 | | |
| 2 | | |

Note- The letter from the bank must be unconditional

8. Human Resource Capability

| S.N. | Name | Position | Qualification (Must submit Certificate copy)* | Experinece (Year) |
|---|---|---|---|---|
| | | Manager | | |
| | | Account/Sales/Marketing | | |
| | | Engineer/Sub Engg/Mechanics | | |

* Attach C.V. & certificate otherwise will not be considered for evaluation

9. Rate and details of the Equipments that the firm can supply as of annex-2 ( Attach the relevant catalogs, specification)

Brief Specification of Equipments

| S. N. | Name of the Irrigation System | Brand | Model | Pumping Capacity (m3/sec) | Per unit System Supply, Instalation & Transportation Cost (Including VAT &Tax) * | | Free Spare Parts including Tool Box | Warranty Period |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | Rate in words | Rate in figures | | |
| | | | | | | | | |
| | | | | | | | | |

*Please submit the Design & Pre-Detail Cost Estimate including Installation & Transportation in seperate sheet otherwise will not be eligible for evaulation.

10. Availability of Equipments that the firm can supply as of annex-2 ( For one FY)

| S. N. | Name of the Irrigation System | Brand | Model | Available in stock (Nos.) | Quantity that can be supplied in one FY | Rate in figures | Total Amount (NRs.) * |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

*Please submit deposit voucher or bank guarantee of 2.5% of the Total Amount (NRs.) that the firm can supply in one FY. If not submitted the firm will not be eligible for evaluation.

11. Availabilities of Spare Parts (Attach separate sheet if required)

| S.No. | Parts Name | Quantity | Unit Rate in Figures | Amount |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

Total Spare Parts available in NRs...................... ........... ...( must be quoted for evaluation purpose)

12. Dealer, Branches and Distributers in the country

| S.No. | Name | Address | Contact Person | Email | Telephone | Mobile |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

Submit copy of dealership agreement with firm registration, PAN or VAT registration otherwise will not be considered for evaluation

13. Service Centers

| S.No. | Name | District | Types of Service Available (Routing/Regular/Engine Overhaul) | Address | Contact Person | Email | Telephone | Mobile |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

Submit copy of dealership agreement with firm registration, PAN or VAT registration otherwise will not be considered for evaluation

14. Professional Experience

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

........................

15. Specific Experience (Please submit supporting documents)

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

........................

I hereby declare that the above submitted informations are true and correct based on relevant documents and our knowledge and we are not ineligible to participate in the expression of interest, has no conflict of interest in the proposed procurement proceedings and has not been punished for the profession or businesses related offence.

(Signature of Authorized Person)

Position.........................

Stamp............................

## अनुसूचि-४

अनुदानमा सिंचाई प्रणाली जडान गर्न चाहने उपभोक्ताले कृषि इन्जिनियरिङ्ग निर्देशनालयमा पुर्व सम्भाव्यता अध्ययनको लागी दिइने निवेदनको ढांचा ।

मिति :

श्रीमान् कार्यक्रम निर्देशक ज्यू,
कृषि इन्जिनियरिङ्ग निर्देशनालय
हरिहर भवन, ललितपुर
मार्फत :
श्रीमान् वरिष्ठ कृषि विकास अधिकृत ज्यू,
जिल्ला कृषि विकास कार्यालय
........................... ।

विषय : पुर्व सम्भाव्यता अध्ययन गराई पाउँ ।

हामीलाई/मलाई अनुदानमा शुन्य शक्ति वा वैकल्पिक उर्जा सिंचाई प्रणाली मार्फत सिंचाई गर्नु आवश्यक परेकोले स्वीकृत कार्यविधि " शुन्य शक्ति र वैकल्पिक उर्जा सिंचाई प्रणली जडान परिचालन कार्यबिधि, २०७३" वमोजिम पुर्व सम्भाब्यता अध्ययन गराई पाउँ, सम्भाबना भएमा उक्त सिंचाई प्रणाली अनुदानमा जडान गर्न त्रिपक्षिय सम्झौता गरी जडान गराई दिनु हुन समेत यो निवेदन पेश गरेका छौं/छु ।

**तपसिल**

अनुदानमा जडान गर्न चाहेको शुन्य शक्ति वा वैकल्पिक उर्जा सिंचाई प्रणाली जडानको विवरण :
१.
संलग्न कागजात:
१.
२.
३.

निबेदक
नाम:
दस्तखत:
ठेगाना:
मोबाइल नं.
संस्थाको नाम:
पद:
संस्थाको छाप

सचिव

| पासपोर्ट साइजको दुवै कान देखिने फोटो |
|---|

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
कृषि इन्जिनियरिङ्ग निर्देशनालय

## अनुदानमा सिंचाई प्रणाली जडान गर्न पुर्व सम्भाब्यता अध्ययनको लागी आवेदन फाराम

(क) उपभोक्ताको विवरण :

१. नामः- ............................................नागरिकता प्र.प.नं............ र जारी मिति.......................

२. दर्ता नं. ...........दर्ता मिति .......................दर्ता निकाय ...........................................

३. स्थायी ठेगाना :- जिल्ला ...........नगर/गा.वि.स. .................वडा नं. .....टोल..............

४. हालको ठेगानाः जिल्ला ................नगर/गा.वि.स. ................वडा नं.......टोल ..........

४. सम्पर्क : मोवाइल नं. .........................फोन नं. .....................इमेल ....................

५. सम्पर्क व्यक्तिको नामः- ............................पदः.............मोवाइल नं..........इमेल ..................

६. सदस्य संख्याः महिला ..........पुरुष ..........दलित ...........जनजाती ..................................

७. लाभान्वित कृषक संख्या : प्रत्यक्ष ............................अप्रत्यक्ष......................................

८. प्राप्त गर्न चाहेको **सिंचाई प्रणालीं**......................................

९. **सिंचाई प्रणाली** प्रयोग गर्ने जग्गाः

जिल्ला....................... न.पा/गा.वि.स.................... वडा नं. .....टोल...........कित्ता न............

१०. सिंचाई प्रणाली जडान गर्ने जग्गा भएको/नभएको, भएको भए कति........................

११. पानीको संकलन पोखरी/सोलर प्यानल जडान गर्ने जग्गा भएको/नभएको, भएको भए कति........................

१२. पानीको श्रोत : नदी/खोला/कुलो/टयूववेल/ईनार /कुवा (चिन्हो लगाउनु होस)

क) नदी/खोला/कुला भए, चौडाई...........(मि),गहराई...........(मि), वहाब.............(मि/से

ख) टयूववेल/ईनार/कुवा भए, गहराई...........(मि), मोटाई...........(से.मि.), जमिनबाट पानीको सतह...........(मि)

१३. नदी/खोला/कुलो/टयूववेल/ईनार /कुवा को डिस्चार्ज (अनुमानित) :................. लि./से.

१४. पानीको श्रोतवाट सिंचाई गर्ने जग्गाको दुरी :

क) समतल दुरी : ................ किलोमिटर

ख) उचाई : ....................... मिटर

१५. पानीको श्रोत भएको वा नजिक रहेको गा.वि.स. वा गाउं वा टोलको नाम :.................................

१६. पानीको श्रोत भएको वा नजिक रहेको गा.वि.स. वा गाउ वा टोलको दुरी :..............................

१७. उपभोक्ताको सिंचाई गर्नु पर्ने जग्गाको क्षेत्रफल :............(.विघा/कठ्ठा/धुर/रोपनी/आना)

१८. उक्त क्षेत्रमा लगाउने वालीहरु : ...............................

१९. हालको अवस्थामा सिंचाईको व्यवस्था छ/छैन छ भने कुन किसिमको सिंचाईको व्यवस्था छ र कुन निकायवाट गरिएको...................................................................

२०. हालसम्म सिंचाईको लागी अनुदान लिएको छ/छैन ? छ भने कुन किसिमको सिंचाईको लागी र कुन निकायवाट ..................................................................

२१. स्थलगत निरिक्षणबाट सिंचाई प्रणाली जडान गर्न उपयुक्त भएमा कम्तीमा ४० प्रतिशत नगद जनसहभागीतामा कार्यक्रम संचालन गर्न सहमत छौं/छैनौं ।

माथी पेश गरेको विवरण ठिक साँचो छ, छुठा भएमा कानुनी कार्वाही भएमा राजी छु/छौं । मलाई हामीलाई त्यस निर्देशनालयवाट व्यवस्था भए वमोजिमको अनुदानमा सिंचाई प्रणाली जडान उपलव्ध गराई दिनु हुन अनुरोध गर्दछु/छौं ।

संस्थाको छाप

निवेदकको सही : .......................

मितिः .............................

## अनुसूचि ५

अनुदान रकम भुक्तानी आवेदन फाराम

आपूर्तिकर्ताको प्रयोजनको लागि

जिल्ला_________________________________गा.वि.स/न.पा___________________________वडा नं.________________वस्ने उपभोक्ता श्री_______________________________________________कोमा सम्भाव्यताको आधारमा मिति_____________ _______को त्रिपक्षिय सम्झौता अनुसार _____________________________________सिंचाई प्रणाली जडान सम्पन्न गरेकोले खरीद/जडान मुल्य रु. ______________________पर्ने को अनुदान स्वरुप रु. ____________________अक्षरेपी_ _________________________________________________________को तपसिल अनुसार यस आपुर्तिकर्तावाट उपलब्ध

संस्थाको छाप

आपुर्तिकर्ताको नाम र ठेगाना :- ----------------------------

आधिकारीक व्यक्तिको सही :----------------------------------

आधिकारीक व्यक्तिको नाम :--------------------------------

दर्जा :------------------------------

मिति:------------------------------

२. सिंचाई प्रणाली जडान बुझिलिनेको

नाम................................................सही :__________________________

मिति:...........................

३. सम्बन्धित जिल्ला कृषि विकास कार्यालयबाट अनुदान रकम भूक्तानीको लागी सिफरिस गर्ने प्रमुख वा आधिकारिक अधिकृतको नाम -------------------- सहि----------------

कार्यालयको छाप

कृषि ईन्जिनियरिङ्ग निर्देशनालय प्रयोजनको लागि

उपरोक्तानुसार भएको देखिएकोले सिंचाई प्रणाली जडान अनुदान रकम रु ____________________________________ _अक्षरेपी _______________________________________________भूक्तानी प्रयोजनार्थ सिफारिस गर्दछु।

सही :-

नाम :-

दर्जा :-

मिति :-

स्वीकृत गर्ने अधिकारी__________

कार्यालयको छाप

अनुसूचि ६

अनुदान प्रवाहमा उपलब्ध हुने सिंचाई प्रणाली उपकरणहरुमा आपुर्तिकर्ताले राख्नुपर्ने प्रिन्ट वा प्लेटको ढाँचा ।

नेपाल सरकार

कृषि विकास मन्त्रालय

कृषि विभाग

**कृषि ईन्जिनियरिङ्ग निर्देशनालयबाट**

**अनुदान प्राप्त**

**आ.ब. :--------**

**आपुर्तिकर्ता : ------**